रामेश्वरशर्मा

॥ॐ॥

तत्वबोधः

श्रीमच्छङ्करावतार श्रीयुत् १०८
श्रीशङ्कराचार्य-भगवत्पादविरचितः

सम्पादक
सागर

प्रकाशक
बाबू माधवप्रसाद शर्मा
के. २३/११९, दूधविनायक, वाराणसी-१
पो.बॉ.क्र. १००६

संवत् २०६५ मूल्य : भा.रु. १०.००

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्री गणेशाय नमः

अथ

तत्त्वबोधः प्रारभ्यते

वासुदेवेन्द्र योगीन्द्र नत्वा ज्ञानप्रदं गुरुम्।
मुमुक्षूणां हितार्थाय तत्त्वबोधोऽभिधीयते।१

मोक्षसाधनको ज्ञान दिने योगीहरूमा श्रेष्ठ गुरु वासुदेवेन्द्र योगीराजलाई प्रणाम गरेर, 'मुक्त होऊँ' (मोक्ष प्राप्त गरुँ) भन्ने इच्छा भएका मनुष्यको निम्ति 'तत्त्वबोध' नाम गरेको ग्रन्थ बनाउँछु ॥१॥

साधन चतुष्टयसम्पन्नाधिकारिणां मोक्ष-साधनभूतं तत्त्वविवेकप्रकारं वक्ष्यामः।२

मोक्षपद प्राप्तिको लागि साधना गर्ने अधिकार भएका व्यक्तिका लागि मोक्ष प्राप्त गराउनमा साधन भएका चार प्रकारको उपायका तत्वको विचार भन्दछु।

यस जगत्को कारण उही सत्-चित्-आनन्दरूप परमेश्वर हो, उही ईश्वर मायासाथ सम्बन्ध बनाई जीव भन्ने कहलाउँछ। त्यस उपरान्त पृथ्वी, जल, वायु,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तेज, आकाश, आदि पंचमहाभूतले निर्मित मेरो वास्तविक स्वरूप यही नै हो भनी अहङ्कार गर्दछ। तत्वको ज्ञान प्राप्त भएपछि यी पञ्चमहाभूतदेखि म अलग्ग रहेछु भन्ने बोध हुन्छ, यस निमित्त तत्वज्ञानको विभिन्न प्रकार भन्नु अति आवश्यक छ ॥२॥

साधनचतुष्टयं किम् ?

नित्याऽनित्यवस्तुविवेकः, इहमुत्रार्थ-फलभोगविरागः शमदमादिषट्सम्पत्तिः, मुमुक्षुत्वं चेति ॥३॥

मोक्षका साधन भएका चार साधन कुन हुन् ?

नित्य, अनित्य पदार्थको भिन्नताको बोध अर्थात् के नित्य हो र के अनित्य हो यसको सम्यक् ज्ञान; यस लोक र परलोकका पनि पदार्थबाट प्राप्त हुने फलको भोगप्रति वैराग्य; शम, दम, उपरति, तितिक्षा, श्रद्धा र समाधान आदि ६ सम्पत्ति(पदार्थ)को सम्पादन तथा 'मोक्ष पाउँ' भन्ने प्रबल इच्छा यही नै मोक्षप्राप्तिका लागि चार प्रकारका साधन हुन् ॥३॥

नित्यानित्यवस्तुविवेकः कः ?

नित्यवस्त्वेकं ब्रह्म, तद्व्यतिरिक्तं सर्वम-नित्यम् अयमेव नित्यानित्यवस्तुविवेकः॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नित्य वस्तु, अनित्य वस्तु भनेको के हो ?

परब्रह्म नै एकमात्र नित्य वस्तु हो, त्यसदेखि बाहेक अरू जो छन् ती सबै अनित्य छन्, अर्थात् सदैव स्थिर रहन्नन् भन्ने बोधलाई नित्यानित्य वस्तु विवेक भन्दछन्। (आफ्नो चारैतिर रहेका यावत् कुराहरू– वस्तु, प्राणि वा मनोभाव जेहुन्, प्रति सूक्ष्मतासाथ विचार गरेर हेर्दा केही क्षणभङ्गुर, केही अलि अड्ने र केही दीर्घकाल-सम्म अड्ने भएता पनि एक-एक गरी सबै वस्तुरूप अनित्यनै रहेछन्, शाश्वत त मात्र निराकार प्ररब्रह्म मात्र हो, भन्ने कुरो स्वतः स्पष्ट भएर जान्छ) ॥४॥

विरागः कः ?

इह स्वर्गभोगेषु इच्छाराहित्यम् ॥५॥

विराग भनेको क्या हो ?

पृथ्वीलोकको र स्वर्गलोकका पदार्थहरूको भोगप्रति कुनै लालसा न हुनु, र मनमा यसको उदय पनि नहुनु यसैलाई विराग भन्दछन्। (सामान्यतः यो विरागको उदय हुँदै-हुँदैन, हाम्रो जीवनमा कुनै तीव्र दुःखको कारणले यसको उदय भएतापनि केही समयावधि उपरान्त पुनः नष्ट हुन्छ, अनि मान्छे पुनः इच्छा-वासना आदिको पछि लाग्छ। यो विरागको भाव, नित्यानित्य वस्तुप्रतिको विवेक दृढतासाथ जागे पछि जब मनमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हरेक वस्तु, प्राणी र साथै सुख-दुःखको अनित्यताको यहाँसम्म कि स्वर्गका भोगको पनि अनित्यताको बोध प्रबल हुन्छ, अनिमात्र स्थिर हुने गर्दछ) ॥५॥

शमादिसाधनसम्पत्तिः का ?

शमदमउपरतिस्तितिक्षाश्रद्धासमाधानं चेति ॥६॥

शमादि षट् सम्पत्ति भनेको क्या हो ?

(सुख) शम, दम, उपरति, तितिक्षा, श्रद्धा, समाधान यी ६ साधनसम्पत्ति हुन्। (शम भनेको मनको शान्ति, दम भनेको इन्द्रियलाई विषयादिको पछि यत्र-तत्र जान नदिनु, उपरति भनेको गर्नुपर्ने कुरा मात्र गर्नु, तितिक्षा भनेको शीतोष्ण अर्थात् चीसो-तातो स्थिति र मानापमान आदि सहनु, श्रद्धा भनेको आस्था र गुरुको वचनमा विश्वास राख्नु, समाधान भनेको एकाग्र चित्त हुनु, यी नै ६ साधन हुन्) ॥६॥

शमः कः ?

मनोनिग्रहः ।

दमः कः ?

चक्षुरादिबाह्येन्द्रियनिग्रहः ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उपरति कः ?

स्वधर्मानुष्ठानमेव ।

तितिक्षा का ?

शीतोष्णसुखदुःखादिसहिष्णुत्वम् ।

श्रद्धा कीदृशी ?

गुरु वेदान्तवाक्यादिषु विश्वासः ।।

समाधानं किम् ?

चित्तैकाग्रता ।।७।।

शम भनेको क्या हो ?

मनको निग्रह अर्थात् मनलाई आफ्नो वशीभूत राख्नु ।

दम भनेको क्या हो?

आँखा, कान, जिभ्रो, नाक, छालादि बाह्य इन्द्रियलाई वशमा राख्नु ।

उपरति कसलाई भन्दछन् ?

आफ्नै धर्मको अनुंष्ठान गर्नु अर्थात् स्वात्म-धर्मकै पालन गर्नु । (भौतिक विषयहरूबाट इन्द्रियादि हटाई, यस लोकका पदार्थको विचारबाट मन हटाई अर्थात् चित्तलाई यिनीहरूबाट निवृत्त पारि आत्म-विचारमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तत्पर हुनु र लौकिक व्यवहारप्रति उदासीन रहनु, यसलाई उपरति भन्दछन्)।

तितिक्षा भनेको क्या हो?

चीसो-तातो, सुख-दुःख, मान-अपमान, प्रभृतिलाई धैर्य गरी सहन सक्नु वा यिनीप्रति उदासीन रहनु अर्थात् यी पर्न आए पनि आत्मधर्मको अनुष्ठानबाट विचलित न हुनु, यसैलाई तितिक्षा भन्दछन्।

श्रद्धा भनेको के हो ?

गुरु वाक्य र वेदान्त वाक्यमा अविचल विश्वास राखी उनीहरूलाई यथार्थ सम्झनु र सन्देहरहित भई तिनको अनुसरण गर्नुलाई श्रद्धा भन्दछन्। (कतिपय पटक हाम्रो बुद्धिमा सन्देहले जन्म लिन्छ परन्तु बुझ्ने कुरो के हो भने, ब्रह्मज्ञान प्राप्त नभएकोले हाम्रो बुद्धिको सामर्थ्य अपूर्ण हुन्छ। यो त सबैको अनुभवमा आएकै हुन्छ कि कुनै कुरो जसलाई कहिले हामी आफ्नो बुद्धि खेलाएर सत्य ठमाएर अनुसरण गरेथ्यौं त्यो त ठीक थिएन, तसर्थ यो पनि स्पष्ट छ कि अहिले जुन कुरोलाई हाम्रो अपूर्ण बुद्धिले ठम्याएको छ त्यो पनि असत्य हुन सक्छ। अतः आधा-अधूरो क्षमतावाला यस्तो बुद्धिले उठाएको सन्देह पट्टि लाग्नु भन्दा गुरु (ब्रह्मज्ञानी) र वेदान्त वाक्यको कुरो मानि त्यसै अनुसार आचरण गर्नु नै श्रेयस्कर हुन्छ। समयसाथ बुद्धि जति परिपक्व

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हुँदै जान्छ त्यति नै यी कुराहरूको सार्थकता स्पष्ट हुँदै जान्छ । श्रद्धा कमजोर पारि सन्देह र संशयलाई बल प्रदान गरे विनाशको सम्भावना ठूलो रहन्छ) ।

समाधान भनेको क्या हो ?

चित्तलाई यताउता जान नदिई नियन्त्रण राखि एकाग्र राख्नुलाई समाधान भन्दछन् । यी नै ६ शमादि सम्पत्ति नै मोक्षका साधन हुन् ॥७॥

मुमुक्षुत्वं किम् ?

मोक्षो मे भूयादितीच्छा ॥८॥

अर्थ– मुमुक्षुत्व भनेको क्या हो ?

'मेरो मोक्ष होस्' भनी इच्छा हुनु । (यो इच्छा सामान्यतः दुःख खप्दा जागृत हुन जान्छ । तर सुख प्राप्त भएको बेला यसको इच्छा हुँदैन । सुख र दुःख दुवैबाट समुचित रूपले विरक्ती भई सकेपछि, यहाँसम्म कि परलोकको अर्थात् स्वर्गको सुखबाट पनि विरक्ति अर्थात् मर्त्यलोकको जीवन र कर्मफलको रूपमा नर्कको दुःख मात्र होइनकि, मर्त्यलोकको जीवन र त्यसमा गरिएको कर्मफलको रूपमा प्राप्त स्वर्गको भोग यी दुवै कुरो बाट मन भरिएपछि मात्र मोह छुटी यस संसाररूपी चक्रबाट मुक्त हुने वास्तविक इच्छाको प्रादुर्भाव हुन्छ । यस्तो इच्छा प्रबल भएपछि मात्र त्यस्तो व्यक्तिलाई मुमुक्षु भन्दछन् ॥८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एतत्साधनचतुष्टयम् । ततस्तत्त्वविवेक-स्याधिकारिणो भवन्ति ।

यी चार मोक्षका साधन हुन् । यी साधनहरू ठीक-ठीक भएपछि मात्र तत्वविचारको अधिकारी हुन्छ । अर्थात् पञ्चमहाभूत र आत्माको भिन्नताको ज्ञान हुनजान्छ ।

तत्त्वविवेकः कः ?

आत्मासत्यस्तदन्यत्सर्वं मिथ्येति ॥९॥

तत्वविवेक भनेको के हो ?

आत्मा मात्र सत्य छ, त्यसदेखि बाहेक जति जगत्मा पदार्थ छन् सबै मिथ्या हुन्, भन्ने बोधलाई तत्वविवेक भन्दछन् ॥९॥

आत्मा कः ?

स्थूलसूक्ष्मकारणशरीराद्व्यतिरिक्तः पञ्च-कोशातीतः सन्ावस्थात्रयसाक्षात् सच्चिदा-नन्दस्वरूपः सन् यस्तिष्ठति स आत्मा ॥

आत्मा भनेको क्या हो ?

स्थूलशरीर, सूक्ष्मशरीर, कारणशरीरदेखि भिन्न; अन्न-मय आदि पाँचैकोशदेखि पर तथा जाग्रत्, स्वप्न, सुषुप्ति तीनोटै अवस्थाको साक्षी (द्रष्टा) भएर सत्-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चित्-आनन्द स्वरूपले जो सर्वदा स्थित रहन्छ, सो आत्मा हो ॥१०॥

स्थूलशरीरं किम्?

पञ्चीकृतपञ्चमहाभूतैः कृतं सत्कर्म-जन्यसुखदुःखादि भोगायतनं शरीरं, अस्ति, जायते, वर्धते, विपरिणमते, अपक्षीयते, विनश्यतीति षड्विकार-वदेतत्स्थूल शरीरम् ॥११॥

स्थूल शरीर कसलाई भन्दछन् ?

पञ्चीकृत पञ्चमहाभूतहरूले बनेको आफूले गरेका कर्मद्वारा उत्पन्न भएका (र सो अनुसार निर्देशित हुने) सुख-दुःख भोग गर्ने जो शरीर 'अस्ति' अर्थात् छ, 'जायते' अर्थात् जन्मन्छ, 'वर्धते' अर्थात् बढ्छ, 'विपरिणमते' अर्थात् परिवर्तित हुन्छ, 'अपक्षीयते' अर्थात् घट्छ, 'विनश्यति' अर्थात् नाश हुन्छ । यस्ता ६ विकारहरूले युक्त शरीरलाई स्थूल शरीर भन्दछन् ।

अब पञ्चमहाभूत– पृथ्वी, जल, तेज, वायु, आकाशको पञ्चीकरण गर्ने रीति बताइन्छ, पृथ्वीका दुईभाग लाउनु, एकभाग अलग राख्नु, अर्को भागको चारभाग गर्नु, जल, तेज, वायु, आकाशको पनि यही रीति गर्नु, पृथ्वीको आधाभाग र जल, तेज, वायु,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आकाशको चारभाग मध्येको एक-एक भाग जोर्नु र पार्थिव शरीर हुन्छ। जलको आधा भागमा अरू चार तत्वको ४भागको १-१भाग जोर्नु र जल शरीर हुन्छ। वायुको आधा भागमा अरू तत्वको ४ भागको १-१भाग जोर्नु र यसले वायु शरीर हुन्छ। तेजको आधा भागमा अरू तत्वको ४भागको १-१भाग जोर्नु, तेज शरीर हुन्छ। यसै गरी आकाशको आधा भागमा अरू तत्वको १-१भाग जोर्नु, आकाश शरीर हुन्छ।

पञ्चीकरणको अवस्थालाई स्थूलशरीर भन्दछन्। पृथ्वी आदि भूतहरूको आ-आफ्नो भाग आ-आफ्ना कारण भएका पञ्चमहाभूतहरूमा लीन गरे स्थूल शरीरको नाश हुन्छ। यसै स्थूल शरीरको कारण शुभ वा अशुभ कर्मकरे अनुसार नै सुख-दुःखको भोग उत्पन्न हुन्छ, जसको स्थूल शरीरले नै भोग गर्दछ।

सूक्ष्मशरीरं किम् ?

अपञ्चीकृतपञ्चमहाभूतः कृतं तत् कर्मजन्यदुःखादि भोगसाधनं पञ्च ज्ञानेन्द्रियाणि पञ्चकर्मेन्द्रियाणि पञ्च-प्राणादयः मनश्चैकं बुद्धिश्चैका एवं सप्तदशकलाभिःसह यत्तिष्ठति तत्-सूक्ष्मशरीरम् ॥१२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सूक्ष्मशरीर कसलाई भन्दछन् ?

पञ्चीकरण न गरिएका पञ्चमहाभूतहरूबाट बनेको, आफूले गरेका कर्मले उत्पन्न भएका सुख-दुःख भोगका साधन, यथा– ज्ञानेन्द्रिय– ५, कर्मेन्द्रिय– ५, प्राण– ५ तथा मन र बुद्धि, यी १७ कलाले युक्त भई जो स्थित रहन्छ त्यसलाई सूक्ष्म शरीर भन्दछन् ॥१२॥

श्रोत्रं त्वक् चक्षुः रसना घ्राणमिति पञ्चज्ञानेन्द्रियाणि । श्रोत्रस्य दिग्देवता । त्वचो वायुः । चक्षुषः सूर्यः । रसनाया वरुणः । घ्राणस्याश्विनौ इति ज्ञानेन्द्रिय देवताः । श्रोत्रस्य विषयः शब्दग्रहणम् । त्वचोविषयः स्पर्शग्रहणम् । चक्षुषो विषयः रूपग्रहणम् । रसनाया विषयः रसग्रहणम् । घ्राणस्य विषयः गन्ध-ग्रहणमिति ॥१३॥

श्रोत्र भनेको कान अर्थात् सुनने इन्द्रिय, त्वक् भनेको छाला अर्थात् स्पर्श गर्ने इन्द्रिय, चक्षु भनेको आँखा अर्थात् हेर्ने इन्द्रिय, रसना भनेको जिभ्रो अर्थात् स्वादको इन्द्रिय र घ्राण भनेको नाक अर्थात् गन्धको इन्द्रिय यी पाँचवटा ज्ञानेन्द्रिय हुन् । कानको देवता

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दिशा (उत्तर, दक्षिण आदि), छालाको देवता वायु, आँखाको देवता सूर्य, जिभ्रोको देवता वरुण, नाकको देवता दुइ अश्विनीकुमार; यिनी पाँच ज्ञानेन्द्रियहरूका देवता हुन् । कानले शब्द सुन्दछ; छालाले कोमल-साह्रो, चिसो-तातोको ज्ञान गर्दछ; आँखाले रूपको जानकारी गर्दछ, जिभ्रोले विभिन्न प्रकारका रसको स्वाद तथा तातो-चीसो भनी जान्दछ तथा नाकले विभिन्न सुगन्ध-दुर्गन्धादिको चाल पाउँछ ॥१३॥

वाक्पाणिपादपायूपस्थानीति पञ्च कर्मेन्द्रियाणि । वाचो देवता वह्निः । हस्तयोरिन्द्रः । पादयोर्विष्णुः । पायोर्मृत्युः । उपस्थस्य प्रजापतिरिति कर्मेन्द्रियदेवताः। वाचो विषयः भाषणम् । पाण्योर्विषयः वस्तुग्रहणम् । पादयोर्विषयः गमनम् । पायोर्विषयः मलत्यागः। उपस्थस्य विषयः आनन्दः इति ॥१४॥

वाक्- वाणी, पाणि- हात, पाद- खुट्टा, पायु- मल त्याग गर्ने इन्द्रिय (गुह्येन्द्रिय), उपस्थ- विषयानन्द दिने इन्द्रिय (जिभ्रो, जननेन्द्रिय)। वाणीको देवता अग्नि, हातको इन्द्र, पाउको देवता विष्णु, पायुको मृत्यु, उपस्थको देवता प्रजापति हुन्। यिनीहरूनै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कर्मेन्द्रियका टेवता हुन् । यिनीहरूकै शक्तिबाट यी ५ कार्य हुनसक्दछन् । वाक् अर्थात् वाणीको विषय बोल्नु, हातको विषय वस्तुहरू समाउनु इत्यादि, पाउको विषय हिंड्नु, पायुको विषय मलत्याग गर्नु तथा उपस्थको विषय विषयानन्द-भोग गर्नु हो । यही ५ कर्मेन्द्रिय हुन् ।

कारणशरीरं किम् ?

अनिर्वाच्यानाद्यविद्यारूपं शरीरद्वय-कारणमात्रं सत्स्वरूपाज्ञानं निर्विकल्पक-रूपं यदस्ति तत्कारणशरीरम् ॥१५॥

कारण शरीर भनेको के हो ?

अनिर्वाच्य, अनादि, अविद्यारूप (माया) नै स्थूल र सूक्ष्म शरीर दुवैरूपको कारण हो । आफ्नो सत्स्वरूपको अज्ञान र निर्विकल्पकरूप जो छ त्यस (माया)लाई नै कारणशरीर भन्दछन् । माया अनिर्वचनीय छ अर्थात् यस्ती छ भनेर भन्न सकिंदैन, अर्थ गर्न सकिंदैन, झूठो भने जगत्को उत्पत्ति हुँदैन, माया यथार्थ छ भनौं भने ज्ञान-प्राप्तिले यसको अस्तित्वको नाश पनि हुँदैन; न सत्य छ न झूठ छ केवल भासमात्र छ तसर्थ अनिवर्चनीय छ । अनादि (उत्पत्तिरहित) छ र अविद्या (अज्ञान)-रूप यै माया स्थूल र सूक्ष्म शरीरको कारण हो ॥१५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अवस्थात्रयं किम् ?

जाग्रत्स्वप्न सुषुप्त्यवस्थाः ॥१६॥

अर्थ- तीन अवस्था कुन-कुन हुन् ?

जाग्रत्त् अवस्था पैह्लो, स्वप्न दोस्रो र सुषुप्ति तेस्रो अवस्था हो ॥१६॥

जाग्रदवस्था का ?

श्रोत्रादिज्ञानेन्द्रियैः शब्दादिविषयैश्च ज्ञायते इति यत्सा जाग्रदवस्था स्थूलशरीराभिमानी आत्मा विश्व इत्युच्यते ॥१७॥

जाग्रत अवस्था कसलाई भन्दछन् ?

जसमा कान, छाला, आँखा, जिभ्रो, नाक आदि ज्ञानेन्द्रियले शब्द, स्पर्श, रूप, रस, गन्धादि विषयको ज्ञान हुन्छ, सो जाग्रत अवस्था हो। यस अवस्थाको अनुभवहरूको आधारमा स्थूल शरीरद्वारा अहंकार गर्ने आत्मालाई विश्व भनी भन्दछन् ॥१७॥

स्वप्नावस्था का ? इति चेत् ?

जाग्रदवस्थायां यद्दृष्टं यच्छ्रुतं तत् जनितवासनया निद्रासमये यः प्रपञ्चः

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रतीयते सा स्वप्नावस्था । सूक्ष्मशरीराभिमानी आत्मा तैजस इत्युच्यते ॥१८॥

स्वप्नावस्था भनेको के हो ? भन्छौ भने सुन ।

जाग्रत् अवस्थामा जो देखिन्छ, जो सुनिन्छ त्यसदेखि उत्पन्न भएका वासनाले निद्राको समयमा जो प्रपञ्च (त्यसबेला वास्तविक जगत्को रूपमा) देखिन्छन् सो स्वप्नावस्था हो । यो अवस्थाको भोक्ता सूक्ष्म शरीर हो । सूक्ष्म शरीरको अभिमान गर्ने आत्मालाई तैजस भन्दछन् ।

अतः सुषुप्त्यवस्था का ?

अहं किमपि न जानामि, सुखेन मया निद्रानुभूयत इति सुषुप्त्यवस्था । कारणशरीराभिमानी आत्मा प्राज्ञ इत्युच्यते ॥१९॥

सुषुप्ति भनेको क्या हो ?

म क्यै पनि जान्दिन, आनन्दसँग सुतें, केही चाल पाइन भन्ने अनुभव भएको काल सुषुप्ति अवस्था हो । यसको भोक्ता कारणशरीर हो र यसको आवरण आनन्दमय कोश हो । त्यस कारणशरीरको अभिमानी आत्मा प्राज्ञ कहिन्छ ॥१९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पञ्चकोषाः के ?

अन्नमयः, प्राणमयः, मनोमयः, विज्ञानमयः, आनन्दमयश्चेति ॥२०॥

पञ्चकोष कुन्-कुन् हुन् ?

अन्नमय- १, प्राणमय- २, मनोमय- ३, विज्ञानमय- ४ तथा आनन्दमय- ५, यी नै पाँच कोष हुन्, कोश भनेको ढाक्ने आवरण हो– चेतनरूप आत्मालाई ढाक्ने हुनाले यिनलाई कोष भन्दछन् ।

अन्नमयः कः ?

अन्नरसेनैव भूत्वाअन्नरसेनैव वृद्धिः प्राप्यान्नरूपपृथिव्यां यद्विलीयते तदन्नमयः कोशः स्थूलशरीरम् ॥२१॥

अन्नमयकोश भनेको क्या हो ?

अन्नको रसबाट उत्पन्न भएर अन्नका रसैले बढ़ेर अन्तमा अन्न उत्पादित गर्ने पृथ्वीमै जो विलीन हुन्छ त्यसैलाई अन्नमयकोष अर्थात् स्थूलशरीर भन्दछन् ।

प्राणमयः कोशः कः ?

प्राणादि पञ्चवायवो वागादीन्द्रियपञ्चकं प्राणमयः कोशः ॥२२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्राणमयकोश के हो ?

प्राण, अपान, समान, व्यान र उदान, यी ५ प्रकारका वायु र वाक्, पाणि, पाद, पायु, उपस्थ यी ५ कर्मेन्द्रियलाई अथवा कर्मेन्द्रियको शक्तिलाई प्राणमयकोष भन्दछन्। (यसैलाई क्रियाशक्ति पनि भन्दछन्। प्राणमयकोषको तागतले नै सबै कर्महरू हुन्छन्)।

मनोमयः कोशः कः ?

मनश्च ज्ञानेन्द्रिय पञ्चकं मिलित्वा भवति स मनोमयः कोशः ॥२३॥

मनोमयकोष भनेको के हो ?

मन तथा आँखा, कान, छाला, जिभ्रो, नाक आदि ५ ज्ञानेन्द्रिय मिलाएर जम्मा ६को मेल भएर मनोमयकोष बन्दछ। (यसलाई इच्छाशक्ति पनि भन्दछन्। मनोमय-कोषद्वारा नै आत्मामा इच्छाको प्रादुर्भाव हुन्छ। सङ्कल्प-विकल्प आदि हुन्छन्, सङ्कल्प इच्छा हो र विकल्प सन्देह हो) ॥२३॥

विज्ञानमयः कोशः कः ?

बुद्धिर्ज्ञानेन्द्रियपञ्चकं मिलित्वा यो भवति स विज्ञानमयः कोशः ॥२४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विज्ञानमयकोश भनेको के हो ?

बुद्धि र माथि बताइएका ज्ञानेन्द्रिय मिलाएर विज्ञानमयकोश हुन्छ । (यसैलाई ज्ञानशक्ति पनि भन्दछन् । बुद्धि र ज्ञानेन्द्रियको योगको सहायताले नै आत्माले सबैकुरा जान्दछ) ॥२४॥

आनन्दमयः कोशः कः ?

एवमेव कारणशरीरभूताविद्यास्थमलिनसत्वं प्रियादिवृत्तिसहितं सदानन्दमयः कोशः । एतत्कोशपञ्चकम् । मदीयं शरीरं मदीयाः प्राणाः मदीयं मनश्च मदीया बुद्धिर्मदीयं ज्ञानमिति स्वेनैव ज्ञायते । तद्यथा मदीयत्वेन ज्ञातं कटककुण्डलगृहादिकं स्वस्माद्भिन्नं, तथा पञ्चकोशादिकं मदीयत्वेन ज्ञातमात्मा न भवति ॥२५॥

आनन्दमयकोश भनेको के हो ?

कारणशरीररूप अविद्यामा रहने रजोगुण र तमोगुणका वृत्तिहरूले युक्त जो मलिन सत्त्व छ र इनको सम्बन्धले हर्ष, प्रेम, प्रभृति वृत्तिहरूले युक्त आनन्दमयकोश हुन्छ । यसैबाट प्रेम रहेको र इच्छित वस्तु पाउँदा हर्ष हुन्छ । यिनीहरूको प्राप्तिले अत्यन्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आनन्द लाग्दछ । यी पाँच कोश हुन्, यिनीहरूलाईनै आत्माले मेरो शरीर, मेरो मन, मेरो बुद्धि, मेरो ज्ञान भनी भन्दछ । र यही ज्ञानले नै आत्मा र शरीर भिन्न हो भन्ने जानिन्छ । जसरी गृह, गहनादि भोग्य वस्तुहरू, पुस्तक, कलम आदिमा 'म' र 'मेरो' शब्दबाट आफुदेखि भिन्नताको बोध हुन्छ । यसै गरी पाँचैकोश आत्मादेखि भिन्न छन्, आत्मा त साक्षीमात्र हो । पाँचै कोश मायाका अधिनमा छन् ॥२५॥

आत्मा तर्हि कः ?

सच्चिदानन्दस्वरूपः ॥२६॥

आत्मा भनेको कस्तो छ ?

आत्मा सत्-चित्-आनन्दस्वरूप छ ।

सत् किम् ?

कालत्रयेऽपि तिष्ठतीति सत् ।

चित् किम् ?

ज्ञानस्वरूपः ।

आनन्दः कः ?

सुखस्वरूपः । एवं सच्चिदानन्द-स्वरूपमात्मानं विजानीयात् ॥२७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सत् भनेको के हो ?

भूत, भविष्य र वर्तमान, तीनै कालमा जसको अजस्र र अविरल अस्तीत्व रहन्छ त्यसलाई सत् भन्दछन् ।

चित् के हो ?

चित् ज्ञानस्वरूप हो । ज्ञानस्वरूपद्वारा सबै पदार्थको अनुभव गर्ने चैतन्यरूप चित् हो ।

आनन्द के हो ?

आनन्द भनेको सुखरूप हो । कहिले पनि दुःखले छुन नसक्ने कूटस्थ परब्रह्म नित्य आनन्दरूप छ । यस तीनै प्रकारको 'सच्चिदानन्द' ब्रह्मलाई आफ्नै आत्मस्वरूप जानोस् तथा अरू यो देखिएको नामरूपी-दुखःरूपी जगत् मिथ्या छ, अर्थात् झूठो जानोस् ।

अथ चतुर्विंशतितत्त्वोत्पत्तिप्रकारं वक्ष्यामः।।

अब २४ तत्वको उत्पत्ति प्रकार भन्दछौं ।।२८।।

ब्रह्माश्रया सत्त्वरजस्तमोगुणात्मिका माया अस्ति । तत आकाशः सम्भूतः आकाशात् वायुः वायोस्तेजः तेजसः आपः अद्भ्यः पृथिवी ।।२९।।

परब्रह्मको आश्रय पाएको सत्व, रज, तमोगुणी माया छ । त्यस मायाबाट आकाश उत्पन्न हुन्छ, आकाशबाट

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वायु उत्पन्न हुन्छ, वायुबाट तेज उत्पन्न हुन्छ । तेजबाट जल उत्पन्न हुन्छ । जलबाट पृथिवी उत्पन्न हुन्छिन् । (तीनै गुण बराबर भएको अवस्थालाई माया भन्दछन् । साङ्ख्यशास्त्रले मायालाई मूल प्रकृति भन्दछ, स्वभाव पनि भन्दछ । परब्रह्मको छाया मात्रले यी पञ्चमहाभूत उत्पन्न हुन्छन् । जुन मायाका सम्बन्धले ईश्वरलाई जगत् रचनागर्ने भन्दछन्, यो भ्रममात्र हो) ॥२९॥

एतेषां पञ्चतत्त्वानां मध्ये आकाशस्य सात्त्विकांशाच्छ्रोत्रेन्द्रियं सम्भूतम् । वायोः सात्त्विकांशात्त्वगिन्द्रियं सम्भूतम् । अग्नेः सात्त्विकांशाच्चक्षुरिन्द्रियं सम्भूतम् । जलस्य सात्त्विकांशाद्रसनेन्द्रियं सम्भूतम् । पृथिव्याः सात्त्विकांशात् घ्राणेन्द्रियं सम्भूतम् । एतेषां पञ्चतत्त्वानां समष्टिसात्त्विकांशात् मनोबुद्ध्यहङ्कार चित्तान्तःकरणानि सम्भूतानि ॥३०॥

यी पञ्चतत्त्वमा आकाशको सत्वगुणको अंशबाट कानको इन्द्रिय उत्पन्न हुन्छ, वायुको सत्वगुणको अंशबाट छालाको इन्द्रिय उत्पन्न हुन्छ, तेजको सत्व-गुणको अंशबाट आँखाको इन्द्रिय उत्पन्न हुन्छ, जलका सत्वगुणको अंशबाट जिभ्रोको इन्द्रिय उत्पन्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हुन्छ, पृथ्वीको सत्वगुणको अंशबाट घ्राणेन्द्रिय उत्पन्न हुन्छ । यी पाँचै तत्वको समष्टि सत्वगुणको अंशबाट मन, बुद्धि, अहङ्कार, चित्त, नामका चार अन्तःकरण (भित्री इन्द्रिय) उत्पन्न हुन्छन् ॥३०॥

सङ्कल्पविकल्पात्मकं मनः । निश्चयात्मिका बुद्धिः । अहङ्कर्ता अहङ्कारः । चिन्तनकर्तृ चित्तम् । मनसो देवता चन्द्रमाः । बुद्धेर्ब्रह्मा । अहङ्कारस्य रुद्रः । चित्तस्य वासुदेवः ॥३१॥

मनले यो काम गरूँ अथवा नगरूँ भन्ने सन्देह गर्दछ वा गर्ने वा नगर्ने कार्य प्रति सन्देह गर्ने मन हो । बुद्धिले यो काम अवश्य गर्नु पर्ने हो भनी ठहऱ्याउँछ । अथवा यो कार्य गर्न उचित छ भनेर निश्चय गर्ने बुद्धि हो । यो काम 'मैले' गरेको हो भन्ने अहङ्कार हो । सबै पदार्थको चिन्तना गरी विचार गर्ने चित्त हो । (अन्तःकरण एउटै हो तथापि सङ्कल्प, निश्चय, अहङ्कार, चिन्तनरूप कार्य बेग्लै हुने हुँदा ४ प्रकारको भन्दछन् । मनका देवता चन्द्रमा, बुद्धिका देवता ब्रह्मा, अहङ्कारका देवता रुद्र तथा चित्तका देवता विष्णु हुन्) ॥३१॥

एतेषां पञ्चतत्त्वानां मध्ये आकाशस्य राजसांशाद्वागिन्द्रियं सम्भूतम् । वायो-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजसांशात् प्राणेन्द्रियं सम्भूतम्। वह्नेः राजसांशात्पादेन्द्रियं सम्भूतम्। जलस्य राजसांशादुपस्थेन्द्रियं सम्भूतम्। पृथिव राजसांशाद्धुह्येन्द्रियं सम्भूतम्। एतेषा समष्टिराजसांशात् पञ्चप्राणाः सम्भूताः॥

यी पाँच तत्त्वमध्ये आकाशको रजोगुणांशबाट वागिन्द्रिय अर्थात् वचनको इन्द्रिय उत्पन्न भयो। वायुको रजोगुणको अंशबाट हातको इन्द्रिय उत्पन्न भयो। तेजको रजोगुणको अंशबाट पाउको इन्द्रिय उत्पन्न भयो। जलको रजोगुणको अंशबाट उपस्थ वा विषयानन्द दिने इन्द्रिय उत्पन्न भयो। पृथ्वीको रजोगुणको अंशबाट पायु अर्थात् गुह्याङ्गको इन्द्रिय उत्पन्न भयो। यी पाँचैका मिलेका रजोगुणको अंशबाट प्राण, अपान, व्यान, समान, उदान यी पञ्चप्राण उत्पन्न हुन्छन् ॥३२॥

एतेषां पञ्चतत्त्वानां तामसांशात्पञ्चीकृतपञ्चभूतानि भवन्ति ॥३३॥

यी पाँचोटा तत्त्वका तमोगुणको अंशबाट पञ्चीकरण गरेका पञ्चमहाभूत उत्पन्न हुन्छन्। यस रीतिले आकाशादि ५ ज्ञानेन्द्रिय, वागादि ५ कर्मेन्द्रिय, प्राणादि ५ वायु, पञ्चीकरण गरेका पञ्चतत्त्व ५, अन्तःकरण ४ गरी जम्मा २४ तत्त्व हुन्छन् ॥३३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पञ्चीकरणं कथमिति चेत् ?

एतेषां पञ्चमहाभूतानां तामसांशस्वरूपं एकमेकं भूतं द्विधा विभज्य, एकैकम् अर्धं पृथक् तूष्णीं व्यवस्थाप्य अपरम् अपरमर्धं चतुर्धा विभज्य स्वार्ध मध्येष्वर्धेषु स्वभागचतुष्टयं संयोजनीयम् तदा पञ्चीकरणं भवति । एतेभ्यः पञ्चीकृतपञ्चमहाभूतेभ्यः स्थूलशरीरं भवति । एवं पिण्डब्रह्माण्डयोरैक्यं सम्भूतम् ॥३४

पञ्चीकरण भनेको के हो ?

यी पञ्चमहाभूतका तमोगुणको अंशबाट पृथ्वी, जल, तेज, वायु, आकाशको २-२ भागलाई आधा अलग राखी अर्को आधा भागको ४ भाग लाउनु र पृथ्वीको मुख्य आधा भागमा अरूको ४ भाग मध्ये १ भाग जोर्नु पञ्चीकरण हुन्छ । यसै रीतिले अरू तत्त्वहरूको पञ्चीकरणमा त्यस तत्त्वको आधाभाग र अर्को आधा भागमा अन्य तत्त्वहरूको आधा भागको ४ भागको एक-एक भाग हुन्छ । पञ्चीकृत पञ्चमहाभूतबाट बनेको स्थूल शरीर हुन्छ । पिण्ड (स्थूल शरीर) र ब्रह्माण्ड पनि यसै गरी बनेका हुन् । र यसै कारणले पिण्ड र ब्रह्माण्डको एकता सम्झिनु ॥३४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्थूलशरीराभिमानी जीवनात्मक ब्रह्म-प्रतिबिम्बं भवति, स एव जीवः प्रकृत्या स्वस्मात् ईश्वरं भिन्नत्वेन जानाति। अविद्योपाधिःसन्नात्मा जीव इत्युच्यते॥

स्थूल शरीर अभिमानी अर्थात् जीव ब्रह्मको जीवनात्मक प्रत्यक्ष प्रतिबिम्ब हुन्छ। त्यै जीव नै प्रकृति वा मायाका वशमा परेर ईश्वर देखि म भिन्न हुँ भनी भन्दछ। यस अविद्याको उपाधिले गर्दा नै आत्मा जीव भनी कहलाउँछ। हुन ता जीव ब्रह्मै हो, तर अभिमान (अहङ्कार) गर्नाले जीव भनिन्छ। जस्तै घड़ामा सूर्यको प्रतिबिम्ब देखिन्छ, सो सूर्यदेखि भिन्दै मान्दछन्, तर त्यो घड़ा विनष्ट भएपछि उनै आकाशका सूर्य रहन्छन्। त्यस्तै जीवमा रहेको अज्ञानको नाश भएपछि सो जीव नै ब्रह्मरूप हुन्छ। कुनै कार्य गरेमा 'मैले गरेको' भनी अविद्याले युक्त भएको जीवात्माले भन्दछ। अविद्या नाश भएपछि ज्ञान उत्पन्न हुन्छ, ज्ञान भएपछि म भन्ने छुटी आफूलाई ब्रह्म हुँ भन्ने सम्झन्छ। अज्ञान छुटेपछि आफूलाई ब्रह्मस्वरूप ठहऱ्याउँछ तब मोक्षपदार्थ प्राप्त गर्ने अधिकरी हुन्छ। माया, अविद्या के हुन् भने सत्वगुण ज्यादा भएकि माया हुन्, तमोगुण अधिक भएकि अविद्या हुन्॥३५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मायोपाधिःसन्नीश्वर इत्युच्यते, एवम् उपाधिभेदाज्जीवेश्वरभेददृष्टिर्यावत्पर्यन्तं तिष्ठति तावत् पर्यन्तं जन्ममरणादिरूप-संसारो न निवर्तते । तस्मात् कारणान्न जीवेश्वरयोः भेदबुद्धिः स्वीकार्या ॥३६॥

मायारूप उपाधिलाई ईश्वर भन्दछन् । अर्थात् मायामा ब्रह्मको छाया परे ईश्वर भनी भन्दछन्, कोही जगतको कर्त्ता र निमित्तकारण पनि भन्दछन् । मायाको भेदले अविद्यामा ब्रह्मको प्रतिबिम्ब परेकोलाई जीव तथा मायामा ब्रह्मको प्रतिबिम्ब परेकोलाई ईश्वर भन्दछन् । यो भेद बुद्धि जहाँसम्म रहन्छ तहाँसम्म संसार छुट्तैन । संसार भनेको जन्मनु, मर्नु यही हो । तसर्थ जीवात्मा र ईश्वरमा भेद नगरि जीव र ईश्वर एकै हुन् भनि ठहराई दुवैलाई ब्रह्मरूप मान्नुपर्दछ ॥३६॥

ननु साहङ्कारस्य किञ्चिज्ज्ञस्य जीवस्य निरहङ्कारस्य सर्वज्ञेश्वरस्य तत्त्वमसीति महावाक्यात्कथमभेदबुद्धिः स्यादुभयोः विरुद्धधर्माक्रान्तत्वात् ? ॥३७॥

अली-अली जान्ने अहङ्कारी जीव र सर्ववस्तुको ज्ञान भएका निरहङ्कारी ईश्वरमा 'तत्वमसि' महावाक्यले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कसरी अभेद बुद्धि गर्ख्नु अर्थात् कसरी एकै हुन् भन्नु ? दुवै परस्पर विरोधी अर्थात् बेग्ला-बेग्लै धर्मवान् भएको हुनाले एकता हुँदैन ॥३७॥

इति चेन्न । स्थूलसूक्ष्मशरीराभिमानीत्वं पदवाच्यार्थः उपाधिदशाविनिर्मुक्तं समाधिदशासम्पन्नं शुद्ध चैतन्यं त्वं पदलक्ष्यार्थः॥

त्यसो न भन । स्थूल र सूक्ष्म शरीरमा मेरो भन्ने अभिमान गर्ने 'त्वं' पदले जानिने, जीवको वाच्यार्थ हो । उपाधिदशाले रहित भएको, समाधिदशाले युक्त भएको 'शुद्ध चैतन्य' भन्ने यसै 'त्वं' पदको लक्ष्यार्थ हो । एक पदको दुई अर्थ कसरी होला ? (जस्तै घट शब्दको वाच्यार्थ घड़ा हो, लक्ष्यार्थ मृत्तिका हो; त्यस्तै त्वं पदको वाच्यार्थ मायाले आच्छादित जीव हो परन्तु लक्ष्यार्थ शुद्ध चैतन्य नै हो त्यस्तै तत्पादको पनि दुइ अर्थ छन्) ॥३८॥

एवं सर्वज्ञत्वादिविशिष्टईश्वरस्तत्पदवाच्यार्थः उपाधिशून्यं शुद्धचैतन्यं तत् पदलक्ष्यार्थः । एवं च जीवेश्वरयोश्चैतन्यस्वरूपेणाभेदे बाधकाभावः ॥३९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सर्वज्ञत्वादि धर्मले युक्त ईश्वर 'तत्' पदको वाच्यार्थ हो, उपाधिशून्य 'शुद्ध चैतन्य' 'तत्' पदको लक्ष्यार्थ हो। विरुद्धधर्म त्याग गरी शुद्ध चैतन्य रूप जीव र शुद्ध चैतन्यरूप ईश्वरको अभेद मान्नमा कुनै बाधा छैन। ('तत्वमसि' वाक्यमा ईश्वरमा रहेको सर्वज्ञत्वादि गुण, जीवमा रहेको किञ्चित्ज्ञत्वादिगुण त्याग गरेपछि 'तत्' भन्ने सो ईश्वर र 'त्वं' भन्ने तिमी जीव, 'असि' उही छौ। 'असि'ले ईश्वर-जीव दुइको अभेद गराउँछ)॥

एवं च वेदान्तवाक्यैः सद्गुरूपदेशेन च सर्वेष्वपि भूतेषु येषां ब्रह्मबुद्धिरुत्पन्ना ते जीवन्मुक्ता इत्यर्थः ॥४०॥

यस वेदान्त वाक्य 'तत्वमसि'ले र सद्गुरुका उपदेशले सबै भूतहरूमा जसको ब्रह्मबुद्धि अर्थात् अभेद बुद्धि उत्पन्न हुन्छ सो जीवन्मुक्त भनी जान्नु। (जीवन्मुक्तले ब्राह्मण, गाई, हात्ती, कुकुर सबैलाई आफ्नै स्वरूप ठहराउँछ। यो छुन हुन्छ, यो हुँदैन भन्ने विचार हुँदैन। केही लाभ हुँदा पनि खुशी हुँदैन; हरायो, फुट्यो भने पनि शोक गर्दैन; यो आफ्नू, यो पराई भन्दैन। दुःख, सुखको अनुभूति त्यसलाई रहँदैन)॥४०॥

ननु जीवन्मुक्तः कः ?

यथादेहोऽहंपुरुषोऽहं, ब्राह्मणोऽहं शूद्रोऽहम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अस्मीति दृढनिश्चयस्तथा नाहं ब्राह्मणो न शूद्रो न पुरुषः किन्त्वसङ्गः सच्चिदानन्दरूपः, प्रकाशरूपः सर्वान्तर्यामी, चिदाकाशरूपोऽस्मीति दृढनिश्चयरूप अपरोक्षज्ञानवान् जीवन्मुक्तः ॥४१॥

जीवनमुक्त कसलाई भन्दछन् ?

जस्तै यो मेरो शरीर हो, म पुरुष हुँ, बाहुन हुँ वा शूद्र हुँ इत्यादि दृढ निश्चय छ; त्यस्तै म बाहुन होइन, शुद्र होइन, म कसैको सङ्ग नगर्ने, चित्-आनन्दस्वरूप सबै जीवको अन्तर्यामी स्वरूप हुँ; यस्तो ज्ञान भै मनमा यही दृढ गर्ने जीवन्मुक्त भनिन्छ ॥४१॥

ब्रह्मैवाहमस्मि इत्यपरोक्षज्ञानेन निखिलकर्मबन्धविनिर्मुक्तः स्यात् ॥४२॥

म ब्रह्म हुँ भन्ने अपरोक्ष बोधले मनुष्य सम्पूर्ण कर्मका बन्धनबाट मुक्त हुन्छ ॥४२॥

कर्माणि कतिविधानि सन्ति ? इति चेत् ।

आगामिसञ्चितप्रारब्धभेदेन त्रिविधानि सन्ति ॥४३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कर्म कति प्रकारका छन् ?

कर्म तीन प्रकारका हुन्छन्। पैलो आगामी, दोस्त्रो सञ्चित र तेस्त्रो प्रारब्ध कर्म हो ॥४३॥

ज्ञानोत्पत्त्यन्तरं ज्ञानिदेहकृतं पुण्यपापस्वरूपं कर्म यदस्ति तदागामीत्यभिधीयते ॥४४

ज्ञान भैसकेपछि ज्ञानीका देहले गरेको पुण्य, पाप-रूप कर्म जो छ सो 'आगामी कर्म' भनी भनिन्छ ॥४४॥

सञ्चितं कर्म किम् ?

अनन्तकोटिजन्मनां बीजभूतं सद्यत्कर्मजातं पूर्वार्जितं तिष्ठति तत्सञ्चितं ज्ञेयम् ॥४५

सञ्चित कर्म भनेको के हो ?

अनन्तकोटि जन्मको बीजरूप भएको कोटि जन्मदेखि जम्मा भएर जो जीवात्मामा स्थित भएको छ सो 'सञ्चित'कर्म हो ॥४५॥

प्रारब्धं कर्मकिमिति ? चेत् ।

इदं शरीरमुत्पाद्य इह लोके एव सुखदुःख आदिप्रदं यत्कर्म तत्प्रारब्धं भोगेन नष्टं भवति प्रारब्धकर्मणां भोगादेव क्षय इति ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रारब्धकर्म के हो ?

यो शरीरलाई उत्पन्न गरेर यसै लोकमा सुख, दुख प्रदान गर्ने जो कर्म हो सोलाई 'प्रारब्ध कर्म' भन्दछन् । यो प्रारब्ध कर्म भोगेर मात्र नष्ट हुन्छ, किनभने प्रारब्ध कर्मको भोगेर नै क्षय हुन्छ यही नियम छ । न भोगी यो कोटि कल्प र कोटि जन्ममा पनि नष्ट हुँदैन ॥४६॥

सञ्चितं कर्म ब्रह्मैवाहमस्मीति निश्चयात्मकज्ञानेन नश्यति, आगामिकर्मापि तेन नश्यति । किञ्चागामिकर्मणां नलिनदलगतजलवत् ज्ञानिनां सम्बन्धो नास्ति ॥

'म ब्रह्मस्वरूप हुँ' भन्ने दृढ़ ज्ञान भएपछि सञ्चित कर्मको नाश हुन्छ, यसैले आगामीकर्म पनि नष्ट हुन्छ । कमलका पातमाथि रहेको जलको बिन्दुको सम्बन्ध जसरी पातसाथ कत्ति रहँदैन त्यस्तै आगामीकर्मबाट हुने सुख, दुःखले ज्ञानीलाई कुनै बाधा गर्दैन ॥४७॥

किञ्च ये ज्ञानिनं स्तुवन्ति, भजन्ति, अर्चयन्ति तान्प्रति ज्ञानिकृतमागामि पुण्यं गच्छति । ये ज्ञानिनं निन्दन्ति, द्विषन्ति, दुःखप्रदानं कुर्वन्ति, तान्प्रति ज्ञानिकृतं सर्वमागामिक्रियमाणं यदवाच्यं कर्म पापात्मकं तद्गच्छति ॥४८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

फेरि ज्ञानीका जो स्तुति, भजन र पूजा गर्छन् तिनीहरूले ज्ञानीले गरेको 'आगामीकर्मको' पुण्य पाउँदछन्। जो ज्ञानीको निन्दा, रीस गर्छन्, उसलाई दुःख दिन्छन्, तिनीहरूले ज्ञानीबाट भएका 'आगामी' कर्मको पाप पाउँदछन् ॥४८॥

तथा चात्मवित्संसारं तीर्त्वा ब्रह्मानन्दमिहैव प्राप्नोति। तरति शोकमात्मविदिति श्रुतेः ॥४९॥

आत्मा चिह्नेको ज्ञानी संसार पार गरेर वा संसारका दुःखदेखि छुटेर ब्रह्मानन्द यहीं पाउँदछ, त्यही कुरो श्रुतिमा भनेको छ, 'तरति शोक आत्मवित्' अर्थात् ज्ञानी शोकलाई तर्दछ वा शोकबाट छुट्तछ ॥४९॥

तनुं त्यजतु वा काश्यां श्वपचस्य गृहेऽथवा।
ज्ञानसम्प्राप्तिसमये मुक्तोऽसौ विगताशयः ॥
इति स्मृतेश्च ॥५०॥

यही स्मृतिमा पनि छ कि, काशीमा शरीर त्याग गरोस् अथवा चण्डालका घरमा त्याग गरोस्, ज्ञानप्राप्तिको समयमा नै अन्तःकरण-मल शुद्ध भएर ज्ञानी व्यक्ति मुक्त हुन्छ ॥५०॥

इति तत्त्वबोधप्रकरणं समाप्तम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्राप्तिस्थान

बाबू माधवप्रसाद शर्मा

के. २३/११९, दूधविनायक, वाराणसी- १

पो.बॉ.क्र. १००६

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection